स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



प्रकाश सपुत र स्वस्तिमा खड्का "जेन वाई" पुस्ताका उदीयमान कलाकार । संगीतमार्फत कथावाचनको थिती बसालेका सपुत र पात्रमा प्राण भर्ने स्वस्तिमा दुवैलाई पछ्याउनेको संख्या उच्च छ। विशिष्ट कला शैलीले यी दुई कलाकारले दर्शकीय मन जितेका छन्। रिल लाइफमा जति यी दुईको चर्चा हुन्छ, रियल लाइफमा पनि लोभलाग्दो मित्रता छ। २२ चैतमा प्रदर्शन तयारीमा रहेको फिल्म "वसन्त"मा यी दुईको केमेस्ट्रीको चर्चा अहिले छ।

आजको विचार...



गुरु... (दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे

जेठको ९ गतेबाट रिलिजमा आउन लागेको फिल्म "नरसिंहा: अवतार" को नायिका नीति शाहको लुक्स सार्वजनिक गरिएको छ । निर्माण युनिटले एक पोष्टर सार्वजनिक गर्दै नीतिको लुक्स बाहिर ल्याएको हो । नीति मुस्कुराएकी पोस्टरले उनी फिल्ममा कसैको श्रीमती वा प्रेमिकाको रुपमा देखिन लागेको बुझ्न सकिन्छ । तर, कुन पात्रसँग उनको जोडी बाँधिएको छ भन्ने खुलेको छैन । फिल्मलाई लिएर नीति शाह निकै नै उत्साहित छिन् ।



❑ वर्ष ३० ❑ अंक २५९ ❑ २०८२ वैशाख १ गते सोमबार 14 April 2025, Monday ❑ पृष्ठ संख्या 8 मूल्य रु ५/-

# नयाँ वर्ष : उमङ्गको पर्व

***नयाँ वर्षको दिन भनेको नयाँ उमङ्ग, नयाँ उल्लास, नयाँ कामको सुरुवाती गरिने दिनका रूपमा लिइन्छ । त्यसैले यस दिनलाई नेपाल तथा विश्वभर छरिएर रहेका नेपालीले हर्षोल्लासका साथ मनाउने गर्छन् ।***

सुजित रेगामी

पाल्पा, चैत ३१/विक्रम संवतको पात्रोअनुसार नयाँ वर्ष सुरु भएको छ । मध्यरातबाट २०८१ साल सकिएर २०८२ साल सुरु भएको हो ।

हरेक १ वैशाखलाई विक्रम संवतको पात्रोअनुसार नयाँ वर्षको रुपमा मनाउने गरिएको छ । नयाँ वर्षको आगमनलाई विगतको भन्दा आउँदा दिन अझ बढी फलदायी र सुखमय रहून् भन्ने कामनाका साथ उल्लासमय ढङ्गले मनाइन्छ । विगतका दिनमा भएका हानिनोक्सानी तथा राम्रा नराम्रा घटनाक्रमको विवेचना गरेर आउँदा दिनमा ती सबै अनुभवलाई पाठका रूपमा अँगाल्दै विभिन्न खाले रचनात्मक कार्य थालेर नयाँ जीवनको आरम्भ गर्ने सङ्कल्प यही दिनमा गर्ने गरिन्छ । नयाँ वर्षको दिन भनेको नयाँ उमङ्ग, नयाँ उल्लास, नयाँ कामको सुरुवाती गरिने दिनका रूपमा लिइन्छ । त्यसैले यस दिनलाई नेपाल तथा विश्वभर छरिएर रहेका नेपालीले हर्षोल्लासका साथ मनाउने गर्छन् ।

नयाँ वर्ष प्रारम्भ भएको पहिलो दिन आज देश-विदेशमा रहेका नेपालीहरुले एकआपसमा शुभकामना आदानप्रदान गरेर मनाउँदै छन् । नयाँ वर्ष आरम्भका अवसरमा आज देशभर




सार्वजनिक विदा दिइएको छ । नयाँ वर्षमा सफलता मिल्ने शुभकामना एक अर्कामा व्यक्त गर्दै, मिष्ठान्न भोजन बाँड्दै, साँस्कृतिक उत्सव आयोजना गर्दै आज नयाँ वर्ष विशेष पर्वको रुपमा मनाउने गरिन्छ ।

संस्कृतिका जानकार गोविन्दभक्त पौडेलले पुरानो वर्ष पूरा भएर नयाँ वर्ष लाग्ने क्रममा विशेष उत्साह एवं उमङ्गका साथ मनाइने विश्वव्यापी चलन रहेको बताउन्छन् । "नयाँ वर्ष भन्नेबित्तिकै नयाँ जोश, नयाँ सोच र नयाँ उमङ्ग थपिनु स्वाभाविक हो । त्यसमाथि मानिस आशावादी हुन्छ । आशाले भविष्य निर्माणलाई सघाउन मद्दत गर्छ " उनले भने "नेपालीमा जुन किसिमले नयाँ परिवर्तन आइरहेको छ, त्यसमा युवा पुस्ताले आफ्नोपनलाई बिर्सेका छन् ।"

संस्कृतिका अर्का जानकार धुर्व पंगेनीले नयाँ वर्ष आशा र उमङ्गको अवस्थाविशेष भएको बताउन्छन् । उनका अनुसार अघिल्ला वर्षमा भएका सबै दु:खकष्ट आउँदो वर्षमा हराउँला भन्ने सङ्कल्प लिएर नयाँ वर्ष मनाइन्छ । आफ्नो परम्परा, धर्म, संस्कृति एवं सभ्यताको रक्षाका लागि नयाँ वर्ष मनाउनु त छँदै छ त्यसबाहेक वर्षभरिका तितामिठा पललाई बिसाएर नवीन उत्साहका साथ नयाँ दिन थाल्ने र सुरुको दिन राम्रो बनाएपछि वर्षभरि नै राम्रो हुने विश्वास बोकेर नयाँ वर्ष मनाउनुपर्ने उनी बताउन्छन् । सफलता प्राप्त गर्न आजका दिन नयाँ योजना निर्माण एवम् सत्संकल्प गर्ने परम्परा समेत रहेको छ । यो दिन नयाँ कामको थालनी गर्ने चलन पनि छ । आज बिहानै स्नान गर्ने, मन्दिर वा आफ्नो आस्था अनुरुपको धार्मिक स्थलमा जाने, घर सफा गर्ने, मिठो-मिठो खाने, साथीभाइ तथा इष्टमित्रसँग भेटघाट गरी एक आपसमा शुभकामना व्यक्त गर्ने गरिन्छ । नयाँ वर्षको पहिलो दिन राम्रो सुरुआत भए वर्षभर सफलता मिल्ने जनविश्वास छ । विक्रमादित्यले चलाएको सम्वत् भएकाले यो सम्वतलाई विक्रम संवत् भनिएको हो । मल्ल कालदेखि नेपालमा मौलिक संवतका रूपमा विक्रम संवत् चलेको हो । नेपालमा मात्र मौलिकरुपमा यो संवत् चल्छ । भारतमा सरकारी संवत् शक सम्वत भए पनि व्यवहारमा इस्वी संवत् चलेको छ ।

## संक्षिप्त समाचार

### रुसी आक्रमणमा २१ जनाको मृत्यु



(रासस/एएफपी)

किएभ, चैत ३१/युक्रेनको सुमी शहरको मध्यभागमा आइतबार भएको रुसी ब्यालेस्टिक क्षेप्यास्त्र आक्रमणमा परी कम्तीमा २१ जनाको मृत्यु हुनुका साथै अन्य २० जना घाइते भएको युक्रेनी आकस्मिक सेवाले जनाएको छ ।

"रुसी ब्यालेस्टिक क्षेप्यास्त्र शहरको मध्य क्षेत्रमा मानिसहरूको बाक्लो आवतजावत भइरहेको क्षेत्रमा प्रहार गरिएको थियो," सेवाले सामाजिक सञ्जालमा जारी विज्ञप्तिमा भनिएको छ । "प्रारम्भिक तथ्याङ्कअनुसार अहिलेसम्म २१ जनाको मृत्यु भएको छ भने कम्तीमा २० जना घाइते भएका छन्," विज्ञप्तिमा उल्लेख छ । आइतबार भएको आक्रमणमा परी घाइते हुनेको सङ्ख्या ८३ पुगेको किएभले जनाएको छ । "सात बालबालिकासहित ८३ जना घाइते भएका छन्," गृह मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "उद्धार कार्य जारी छ ।"

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

नव वर्ष २०८२

सालको सुखद् उपलक्ष्यमा कर्मचारी, पाठकवर्ग, विज्ञापनदाता, शुभचिन्तक तथा सम्पूर्ण नेपालीहरुमा

हार्दिक मंगलमय शुभकामना

नववर्ष विदाका कारण हाम्रो अर्को अंक आगामी २०८२ वैशाख ३ गते बुधबार मात्र प्रकाशन हुने सम्पूर्ण पाठक वर्गलाई जानकारी गराउँछौं ।

स.

## विपद्को एक वर्ष : आठ हजार बढी घटनामा ७ सय ४५ जनाको मृत्यु

काठमाडौं, चैत ३१ /गएको एक वर्षमा देशभर विपद्जन्य घटनामा ७ सय ४५ जनाको ज्यान गएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार एक वर्षमा आठ हजार ८ सय ६१ वटा विपद्का घटना घटेको र ती घटनामा परी ७ सय ४५ जनाको मृत्यु भएको हो ।

ती घटनामा परी ६९ जना बेपत्ता भएका र एक हजार ७ सय २ जना घाइते भएका प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले जानकारी दिए । उनका अनुसार एक वर्षमा विपद्बाट १८ हजार ९ सय ९१ घरपरिवार प्रभावित हुन पुगेका छन् । कुल तीन अर्ब १३ करोड बराबरको आर्थिक क्षति भएको प्राधिकरणले जनाएको छ ।

**कुन घटनामा कति मानवीय क्षति?**

सबैभन्दा बढी पहिरोका कारण ३ सय ५१ जनाको ज्यान गएको छ । त्यसपछि बाढीबाट ९७,



चट्याङबाट ७८ र आलागीबाट ७७ जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ । भारी वर्षाका कारण आठ, जनावरको आक्रमणबाट ४३, लेक लागेर २४, हवाई दुर्घटनामा २३, सर्पदंशबाट १९ जनाको मृत्यु भएको छ । त्यसैगरी, डढेलोबाट १०, हुरीबतासका कारण सात, डुङ्गा पल्टेर एक र अन्य विविध कारणबाट सात जनाको मृत्यु भएको छ । पहिरोबाट ४८, बाढीबाट १८ र हिउँ पहिरोमा परेर तीन जना बेपत्ता भएका छन् ।

**सबैभन्दा बढी आगलागीका घटना**

विपद्जन्य घटनाका सङ्ख्या अध्ययन गर्दा सबैभन्दा बढी आगलागीका घटना यस वर्ष भएका छन् । विसं २०८१ वैशाख १ देखि चैत २९ गतेसम्मको तथ्याङ्कानुसार आगलागीका मात्र चार हजार १ सय ४५ वटा घटना भएका छन् । त्यसपछि डढेलोका एक हजार १ सय ९५ वटा र पहिरोका एक हजार पाँच घटना भएको छ । त्यस्तै बाढी ४ सय १८, भारीका वर्षाका ५ सय ६८, चट्याङका ४ सय १८, जनावर आक्रमणका ४ सय ७७, लेक लागेका १ सय ११ वटा घटना भएका छन् । हवाई दुर्घटनाका दुई, सर्पदंशका ८४, हावाहुरीका ३ सय ४९, डुङ्गा पल्टेका एक, हिउँ पहिरोका छ, भूकम्पका ७४, असिनापानी एक र अन्य सातवटा विपद्जन्य घटना भएको प्राधिकरणले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## नयाँ वर्षको स्वागत

आज नयाँ वर्षको आरम्भिक दिन । २०८१ साललाई विदाई गरेर आजैदेखि २०८२ लाई स्वागत गर्दैछौं ।

विभिन्न भोगाइ र घटनाका अनुभव दिलाएर ८१ हामीबाट बिदा लिएको छ । ८२ साललाई आपसमा शुभकामना दिँदै स्वागत गर्दैछौं । देशभरि नै यस दिनलाई आपसमा शुभकामना आदान–प्रदान गर्ने र आगामी समयका लागि सङ्कल्प गर्ने दिनका रुपमा लिइएको छ । हरेक नयाँ वर्षको आरम्भ भएसँगै चौतर्फी एउटा छुट्टै उत्साह र उमङ्गको माहोल बनेको हुन्छ । नयाँ वर्षले जोस–जाँगरको सन्दर्भमा होस् या केही नयाँ र फरक गर्ने प्रतिबद्धतामा होस्, एउटा ठोस आकार प्रदान गर्छ भन्ने आममान्यता छ ।

नयाँ वर्षलाई आधार मानेर सपना देख्ने र त्यसलाई साकार पार्ने अभियान पनि सुरू भएको पाइन्छ, यद्यपि त्यसरी देखिएका सपनाहरु समयक्रममा अधिकांशको पूरा हुन भने सक्दैनन् । नयाँ वर्षसँगै विकसित भएको नवीन उमङ्ग र अवसरमात्रै नभएर चुनौतीहरुको आगमनका रुपमा पनि यस समयलाई ग्रहण गरिएको छ । त्यसैले एकातिर खुसी हुँदै गर्दा अर्कोतिर थप जिम्मेवारी वहन गर्नुपर्ने वातावरण पनि सँगसँगै निर्माण भैरहनु अस्वाभाविक छैन । आफूमा रहेका नराम्रा बानीहरुमा परिवर्तन गर्ने उचित समयका रुपमा लिँदा र भावी दिनमा सोचेका कामहरु साकार गर्ने अभ्यासका रुपमा ग्रहण गर्दा नयाँ वर्षको आगमन आफैँमा लोभलाग्दो हुने पक्षमा सन्देह रहँदैन । पहिलो कदम चाल्ने शुभ अवसरका रुपमा समेत लिइने नयाँ वर्षले नवीन सङ्कल्प गर्न अभिप्रेरित गर्ने र आगामी वर्षभरि त्यसलाई अवलम्बन गर्ने जुन प्रकारको सोचलाई प्रवर्द्धन गर्छ त्यो आफैँमा विशिष्ट प्रकृतिको लाग्छ । हरेक वर्षझैँ यसपल्टको नयाँ वर्षमा पनि आशाको सञ्चार हुनु स्वाभाविक छ ।

एउटा वर्ष सकिनु भित्तामा पात्रो फेरिनु मात्रै होइन । विगतमा भएका घटना र यसबाट पाठ सिक्दै आगामी सम्भावनाको खोजी पनि नयाँ वर्षले गर्छ । वितेको वर्षमा भएका घटनाबाट व्यक्ति, समाज र राष्ट्रले धेरै शिक्षा लिन सक्छ । आगामी वर्षमा कसरी अघि बढ्ने भन्नेबारे मार्गचित्र बनाउन सक्छ । नयाँ वर्षको उत्तरोत्तर खुड्किलो चढ्ने क्रममा हाम्रा पाइला भने सुस्त गतिमा छन् । हर्षोल्लासपूर्ण यस घडी कतिपय निराशाले जकडिएको छ । देशको राजनीतिक, आर्थिक एवं सामाजिक क्षेत्रको परिसुचक ओरालो यात्रामा छ । नयाँ वर्षको नवउत्साहसँगै त्यसलाई हामीले बदल्नुछ । देशलाई दिशा र गति दिनुछ । यस पावन अवसरमा तपाई–हामी सबैमा त्यो सामर्थ्य आर्जन हुन सकोस् । अघिल्लो दशक र वर्षका अनिष्ट एवं अहितकर विषयलाई पन्छाएर भावी दिन सुखद, समृद्ध र स्वस्थ बन्न सकून् । नयाँ वर्षको स्वागतसँगै सबै शुभकामना !

### Opinion @ Social Network

जीवनमा सपना झैँ विपना पनि सजिलै टर्ने भए,
सलक्कका हातहरुमा बाङ्गा रेखा हुने थिएनन् होला सायद ।
*(पूजा रसाइलीको फेसबुकबाट https://www.facebook.com//puja.rasali)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगजन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गुरु सडकमा, शिष्य घरमा र सरकार निद्रामा



**डा. गणेशप्रसाद घिमिरे**

*गणतन्त्रले नेपालीका सबै चाहनालाई पूरा गरिदिन्छ भन्ने उद्देश्यले तत्कालीन समयमा मानिस सड्कमा उत्रेका थिए । नेपालीको चाहनालाई गणतन्त्रले केही हदसम्म पूरा गरेको पनि देखिन्छ । मानिसका सबै चाहलाई पूरा गर्न देश सक्षम र सबल हुनु अनिवार्य मानिन्छ । हाम्रो देश भूपरिवेष्ठित मुलुक हो । यस देशलाई समुद्रले छोएको छैन । भूपरिवेष्ठित मुलुकका छिमेकी आणविक शक्ति सम्पन्न छन् । दुवै शक्तिशाली देशको बीचमा रहेको नेपाल आजको अवस्थामा आफूलाई सम्पन्न बनाउने उद्देश्यमा सक्रिय रहेको पाइन्छ । गणतन्त्रको आगमनपछि सबै कुरा जादूसमान् पूरा हुन्छन् भन्ने चाहनाको पर्खाइमा रहेका नेपाली आज दिक्क बनिसकेका छन् ।*

सरकारको रवैया सुतेर उठ्न नसकेको सिंह जस्तो देखिन्छ । आहारा पाएर आरामले सुतेको सिंह एक हप्तासम्म आहाराको खोजमा लाग्दैन । यही सत्य हो । सत्यभन्दा पर मानिस वा कुनै पनि प्राणी बाँच्न सक्दैन । सिंहलाई वनको राजा मानिएको हुन्छ । यो राजा कहिलेकाँही बाँच्नका लागि सैर्षमा क्रियाशील रहेको हुन्छ । यही अवस्था आजको नेपालमा विद्यमान् रहेको देखियो । नेपालको गणतन्त्र आज त्यही अवस्थामा पुगेको हो कि भन्ने अवस्था देखिएको पाइयो । आजको समाज समुन्नत छ । यो समुन्नत नेपालका नागरिक प्रविधिले सम्पन्न छन् । यही सम्पन्नताले आजको नेपालीले विश्वलाई एक सूत्रमा बाँधेको देखिन्छ । संसारको विकाससित जागेको नेपाली आफ्नो देशको हालतमा रोइरहेको छ । शक्तिशाली सरकार आज निरीह बनेको छ । दुईतिहाइको सरकारको रवैयाबाट आजको नेपाली सन्तुष्ट देखिएको छैन ।

गणतन्त्रले नेपालीका सबै चाहनालाई पूरा गरिदिन्छ भन्ने उद्देश्यले तत्कालीन समयमा मानिस सड्कमा उत्रेका थिए । नेपालीको चाहनालाई गणतन्त्रले केही हदसम्म पूरा गरेको पनि देखिन्छ । मानिसका सबै चाहलाई पूरा गर्न देश सक्षम र सबल हुनु अनिवार्य मानिन्छ । हाम्रो देश भूपरिवेष्ठित मुलुक हो । यस देशलाई समुद्रले छोएको छैन । भूपरिवेष्ठित मुलुकका छिमेकी आणविक शक्ति सम्पन्न छन् । दुवै शक्तिशाली देशको बीचमा रहेको नेपाल आजको अवस्थामा आफूलाई सम्पन्न बनाउने उद्देश्यमा सक्रिय रहेको पाइन्छ । गणतन्त्रको आगमनपछि सबै कुरा जादूसमान् पूरा हुन्छन् भन्ने चाहनाको पर्खाइमा रहेका नेपाली आज दिक्क बनिसकेका छन् ।

सम्मानको पर्याय गुरु सडकमा

*गुकारस्त्वन्धकारस्तु रुकारस्तेज उच्यते ।*
*अन्धकार निरोधत्वात् गुरुरित्य भिधीयते ॥*

गुकार अन्धकार र रुकार तेज जसले अज्ञानरूपी अन्धकारलाई ज्ञानको प्रकाश दिएर समाप्त पारेको हुन्छ त्यसैलाई गुरु भनिएको छ तर आज तिनै गुरु दश दिनदेखि सडकमा छन् । विद्यालयमा बसेर शिष्यलाई शिक्षा दिएर समाज सेवामा समर्पित गराउने गुरुले किन सड्कमा उत्रिनु परेको होला त्यही तथ्यलाई आजको सरकारले बुझेको देखिएन । नेपालमा विद्यालयदेखि उच्चशिक्षासम्मको अवस्थालाई तहसनहस पारियो । शिक्षामाथि गरिएको यो राजनीतिक हस्तक्षेप नेपालका लागि पक्कै पनि उपयोगी थिएन । राजनीतिको बलियो खम्बा शिक्षाका क्षेत्रमा गाडियो जसबाट उम्कन गणतान्त्रिक सरकारलाई हम्मेहम्मे परेको छ । विद्यालयको पहिचान विद्यालयका रूपमा हुनुपर्नेमा त्यसो हुन सकेन । राजनीतिक स्वार्थका कानुन अध्यादेशबाट समेत ल्याउने सरकार आजको मितिसम्म पनि गुरुका मागलाई सुन्ने चासोमा देखिँदैन । यस सरकारमा बस्ने पार्टी र सरकार सञ्चालन गर्ने शीर्ष नेतामा देखापरेको अकर्मण्यता हो । नेपालमा भ्रष्टाचार नहुने क्षेत्र नै शिक्षा हो । आफ्नो पारिश्रमिक जति छ त्यसमा सन्तोष गर्ने वर्ग शिक्षक हो । आज त्यही वर्ग सडकमा किन छ ? यो बुझ्ने प्रयासमा सरकार किन लागेन ? यो आश्चर्य नै हो । यही आश्चर्यको आत्मरतिमा रमाएको छ सरकार किन ?

समाज परिवर्तन र व्यक्तिको व्यक्तित्वमा आउने परिवर्तन शिक्षा हो । शिक्षाका माध्यमबाट आजकलका शिक्षक आफ्ना विद्यार्थीको प्रगति भएको देख्न चाहन्छन् । गुरु सबैसित विजय चाहन्छन् तर आफ्ना शिष्यसित पराजयको अपेक्षा राखेका हुन्छन् । तिनको सबै चाह शिष्य वा आफूले पढाएका विद्यार्थीले संसारमा भएभरको प्रगति गरून् भन्नेमा निहित रहेको हुन्छ । यही नियतिमा बाँचेका हुन्छन् गुरु, प्राध्यापक, शिक्षक तथा अध्यापक तर नेपालको सन्दर्भमा भने त्यसो हुनसकेको देखिएन । गणतन्त्रका लागि सडकमा उत्रेका शिक्षक आज आफू अपमान भएको बोधले फेरि सड्क तताउन बाध्य भए । शिक्षालाई व्यापारको साधन सम्झने र अभिभावकको ढाड सेक्ने विद्यालयले प्रगति गरेका छन् ।

आफ्नो विद्यालयमा यति जना अष्ट्रेलिया, अमेरिका तथा युरोप अध्ययनका लागि गए भन्ने आशयका बोर्ड झुण्ड्याएर आफ्नो विद्यालयको प्रगति देखाउने विद्यालय नै आजको समाजमा उच्च दर्जामा पुगेका देखिन्छन् । सरकारी विद्यालयमा अध्यापन गराउने शिक्षक सडकमा छन् । तिनका शिष्य घरमा आराम गरिरहेका देखिन्छन् । यो अपमान शिक्षकले कहिलेसम्म सहने हो अत्तोपत्तो छैन । शिक्षा ऐन पारित गरेर आजको आन्दोलनलाई सरकारले किनारा लगाउनु आवश्यक देखिएको छ । यदि यी सडकमा सुत्ने गुरुका माग पूरा गर्न गणतान्त्रिक सरकार सफल हुन सकेन भने आउँदो निर्वाचनमा नेतृत्वमा बसेका नेता र सरकारको प्रतिनिधित्व गरेका दलहरू बढारिने निश्चित प्राय: देखिएको छ । समाज परिवर्तनको जिम्मा शिक्षकमा निहित रहेको हुन्छ । शिक्षा आफूलाई समर्पित गरेको शिक्षकले भोगेको यो पीडालाई सरकारले किन सुनेको छैन । सामाजिक सञ्जालमा हेर्दा शिक्षक जायज माग लिएर उभिएका छन् । आफूलाई आजीवन सेवासुविधा चाहने गणतान्त्रिक सरकार किन सुतेको होला ? यसको जवाफ आजका शिक्षकले खोजेको देखिन्छ । शिक्षक आन्दोलन अभद्र छैन । उनीहरूले आफ्नो प्रतिभालाई सहज रूपमा देखाएका छन् । उनीहरूमध्ये केही त सामाजिक सञ्जालमा आफूलाई अब्बल दर्जाका रूपमा उतार्न सबल देखिएका छन् । उनीहरूले लगाउने नारा पनि अभद्र किसिमका सुनिएका छैनन् ।

उनीहरू सडकमा बसेका छन् । उनीहरूको प्यास समाप्त पार्नका लागि कतिपय संस्थाले पानीको व्यवस्था गरेको देखियो । सीमित खर्च लिएर आएका शिक्षक सरकारका कारण बेखर्ची हुने हुन् कि भन्ने चिन्ताले उनीहरूलाई सताएको हुनसक्छ । भद्र तरिकाले शैक्षिक आन्दोलनमा उत्रेका शिक्षकको मागलाई सम्बोधन गर्न सरकार तयार हुनु आवश्यक मानिएको छ । सरकारको नियतमा शिक्षा क्षेत्रलाई लिएर खोट उत्पन्न नहोस् भन्ने चाहले आजका नेपाली जनतामा देखापरेको पाइन्छ । उनीहरूमा महानगरपालिका प्रमुखले जरिवाना गर्ने हुन् कि भन्ने चिन्ता पनि रहेको देखियो ।

सुतेको सरकार

संविधान संशोधन गरेर समाजलाई रूपान्तरण गर्न गठन भएको यो सरकार मौन बसेको छ । रगत चुसेर ढाडिएको किर्नो समान आजको सरकार सुतेको छ । कतै राजावादीको, कतै शिक्षकको, कतै डाक्टरको र कतै सहकारी पीडितको आन्दोलनले काठमाडौंको बजार तातेको छ । प्रकृतिले नेपाललाई प्रदूषणयुक्त शहरको उपहारका रूपमा दियो । सडकमा यात्रुहरूले सास्ती भोगिरहेका छन् । काठमाडौंको यातायातको अवस्था सारै कमजोर देखिएको छ । जताततै आन्दोलनको रापमा तापिएको राजधानी अझ तङ्गिन सकेको छैन तर सरकार कानमा तेल हालेर सुतेको छ ।

यो अवस्थाको जिम्मेवार नेपाली जनता पक्कै पनि होइनन् । यो सडकमा देखिएको अस्वस्थताले नेपाल समग्र रूपमा आन्दोलनको चपेटामा परेको देखिन्छ । नेपालको राजनीतिमा गणतन्त्रमाथि प्रश्न उठ्न थालेको देखियो । गणतन्त्रविरोधी सलबलाउन थाले । गणतन्त्रले दिएको यो सुन्दर उपहार स्वतन्त्रता कुण्ठित नहोस् भन्ने चाहना आजका नेपालीको हो । गणतन्त्रमा देखापरेको यो आन्दोलनको रडाको नेपालका मात्र होइन विदेशी सञ्चारमाध्यमबाट पनि बाहिर आउन थालेको देखियो ।

सरकार अभिभावक हो । अभिभावकीय भूमिकामा रहेको सरकार र सरकार प्रमुखले कहिल्यै पनि भड्काउ भाषण गर्ने होइन । वर्तनमान प्रधानमन्त्री समाजका हरेक वर्गलाई भाषणका माध्यमबाट छेड हानेर आफूलाई आत्मरतिमा रमाउन सबल देखापरेका छन् । उनी कुनै पनि आन्दोलनबाट बेखबर भने छैनन् तर उनको चुस्की लिने बानीले उनलाई मात्र होइन उनको कामलाई पनि बाधा उत्पन्न गरेको देखिन्छ । सहयात्री काङ्ग्रेस पनि आफन्तलाई र आफ्नालाई नियुक्त गर्न तम्सिएकको देखियो । उसले पनि आज देशमा भइरहेका घटनामा आफ्नो धारणा राख्न सकेको देखिँदैन । हरेक क्षेत्रमा एमालेको पुच्छर बनेको काङ्ग्रेसको अवस्थाले पनि नेपालको वर्तमान सरकारलाई सही मार्गमा डोहोऱ्याउन सकेको देखिएन ।

सबैभन्दा ठूलो दलका रूपमा उभिएको काङ्ग्रेसको अवस्था पनि आहारा पाएर सुतेको सिंह जस्तो देखियो । देशका हरेक आन्दोलनमा अग्रभूमिमा रहेको काङ्ग्रेस पनि सुतेको देख्दा आश्चर्य लागेको छ । सबैभन्दा पहिले देश, देशका साथमा नेपालीले ल्याएको गणतन्त्रको रक्षामा समर्पित हुनु काङ्ग्रेसको जिम्मेवारी होइन र ? नेपाली जनताले अब समाधानको उपाय काङ्ग्रेसबाट खोजेका छन् । देशको रक्षा गर्नुका साथै सुतेको सरकारलाई जगाउनु उसको जिम्मेवारी होइन र ? नेपालको राजनीतिमा जनताले अझ पत्याएका छन् । नसुत जाग र वर्तमानमा भइरहेका सबै आन्दोलनको सुरक्षित अवतरण गराउन आवश्यक मानिएको छ । शिक्षकका माग सही छैनन् भने उनीहरूलाई ससम्मान बिदा गर । माग जायज हुन् भने वार्ताबाट समाधानको उपाय खोज ? यो आलेख प्रकाशन हुनुपूर्व गुरुहरूलाई उनका माग पूरा भएर घर फर्किने आधार दिन सफल बनून् भन्ने चाहनासहित सत्तारुढ दलमा नेपालको हित र गुरुको सम्मान होस् भन्ने कामनासहित । यही कामना समस्त नेपालीहरूको पनि रहेको देखिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
द्वारिका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८, ५४०२०१
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९,
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेणुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
क्लगाई क्लब क्लगाई ०७६-६९०१०२
रेडक्रस वेख्दह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टेइन्टी.:९८५७०६२२४७,९८५७०६७५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : भाग्यशाली दिन देखा पर्नेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । | **तुला** : धार्मिक कार्यमा रुचि बढ्नेछ । मनमा हर्ष, उमङ्ग छाउला । |
| **वृष** : शुभकार्यको चर्चा चल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । | **वृश्चिक** : छोटो दुरीको लाभदायक यात्रा हुनेछ । मान सम्मान मिल्नेछ । |
| **मिथुन** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । धार्मिक यात्राको योगछ । | **धनु** : मित्रताको बन्धन कसिने बेला छ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |
| **कर्कट** : कुलतमा मन जानेछ । झै-झमेलाको अवस्था पनि आउला । | **मकर** : विद्या र बुद्धिको विकास हुनेछ । सजिलै अरुको विश्वास जित्न सकिनेछ । |
| **सिंह** : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । ताकेको कार्य पुरा हुनेछ । | **कुम्भ** : उमङ्ग र उत्साह छाउला । विभिन्न अवसर जुराउनेछ । |
| **कन्या** : प्रणय सम्बन्ध र रतिराग बढाउने समय छ । लाभदायक यात्रापनि हुनसक्छ । | **मीन** : घरायसी विवाद बढ्नेछ । चोटपटक पनि लाग्न सक्छ । |

# शिक्षा

## नाम काढेर बोलाएपछि शिक्षकले हाने ९ थप्पड



विद्यार्थीहरूलाई ज्ञान, शिक्षा तथा नैतिकता सिकाउने शिक्षकहरू आफैंमा धैर्यवान, नीतिवान र अनुशासित हुनुपर्छ । तर कतिपय मानिसहरू पेशाले शिक्षक भएपनि आचरण चाहीं सन्की हुन्छ ।

चीनमा एकजना शिक्षकले आफ्नो नाम लिएर सम्बोधन गरेको भन्दै एक बालकलाई ९ पटक थप्पड हानेका छन् ।

विनाकारण विद्यार्थीलाई कुट्ने ती शिक्षकको काण्ड प्रहरीसम्मै पुग्यो । सो घटनाका बारेमा गहन जाँच गरियो र ती शिक्षकलाई कारबाहीस्वरुप पदबाट निलम्बन गरियो । अभिभावकले शिक्षकबाट ७ सय अमेरिकी डलर बराबरको क्षतिपूर्ति लिन नमानेपछि ती शिक्षकलाई निलम्बन गरिएको हो ।

यो घटना पूर्वी चीनको शांडोंग प्रान्तस्थित जोचेंगमा रहेको एक प्राथमिक विद्यालयमा घटेको हो । सो विद्यालयको पाँच कक्षामा पढ्ने एक छात्रलाई गत मार्च १४ मा शारीरिक शिक्षाको कक्षाका बेला उनका शिक्षकले ९ पटक गालामा थप्पड हानेका थिए । ती छात्रले नाम काढेर सम्बोधन गरेपछि शिक्षकले उनलाई थप्पड हानेका हुन् ।

समाचार अनुसार शारीरिक शिक्षाको कक्षाका बेला ती छात्र खेल मैदानमा आराम गरिरहेका थिए । त्यसबेला उनले आफ्नो गणित शिक्षकलाई नजिकैबाट हिँड्दै गरेको देखे । त्यसपछि उनले ती शिक्षकको नाम लिएर बोलाए । हुआशांग डेलीको रिपोर्ट अनुसार वू नामका ती शिक्षक एकजना विद्यार्थीले आफ्नो नाम नै उच्चारण गरेपछि रिसाए । विद्यार्थीले आफ्नो नाम काढेर अनादर गरेको उनलाई लाग्यो ।

त्यसपछि उनी ती छात्र रहेको समूहमा पुगे र आफ्नो नाम बोलाउने छात्रलाई पहिचान गरेर उनको अनुहारमा लगातार ९ थप्पड हाने । नाम नखुलाइएका ती छात्रले गणित शिक्षक रिसाउँदै आएपछि माफी पनि मागेका थिए र अन्य शिक्षकहरूले पनि सहपाठी गणित शिक्षकलाई छात्रमाथि कुटपिट नगर्न अनुरोध गरेका थिए । तर ती शिक्षकले किशोर विद्यार्थीमाथिको क्रुरता जारी राखे ।

शिक्षकको कुटाइका कारण ती विद्यार्थीको अनुहार नै सुन्निएको थियो र त्यो पीडाले गर्दा उनको टाउको लगातार दुखिरहेको थाहा पाएपछि ती छात्रकी आमाले सोसल मिडियामार्फत् आफ्नो छोरा शिक्षकबाट कुटिएको सार्वजनिक गरिन् । छोरालाई लिएर अस्पताल जाँदा उसको टाउको तथा अनुहारमा चोट थियो ।

अन्ततः उनीहरूले प्रहरीलाई खबर गरे र उक्त घटनाका बारेमा विद्यालयका अधिकारीहरूलाई पनि बताए। विनाकारण विद्यार्थी कुट्ने शिक्षकलाई बर्खास्त गर्न उनीहरूले माग गरे । छात्रका बुवाआमाले छोरालाई किन कुटेको भनेर ती शिक्षकसँग प्रश्न गरेका थिए । त्यस क्रममा उनले आफू ५० वर्ष उमेरको पाको मान्छे हुँदाहुँदै ती छात्रले मजाक गर्दै चिच्याएर आफ्नो नामले बोलाएपछि आफूलाई अपमानित महसुस भएको र त्यसपछि आफूले छात्रलाई चुप लगाउनका लागि थप्पड हानेको बताएका छन् ।

विद्यालयले उक्त घटनापछि ती शिक्षकलाई पदबाट निलम्बन गरेको छ र ५ हजार युआन क्षतिपूर्ति दिन आदेश दिएको छ । तर परिवारले उक्त रकम लिन अस्वीकार गरेको छ । स्थानीय शिक्षा प्राधिकरणले यो घटनाका विषयमा अनुसनधान गरिरहेको बताइएको छ । *-अनलाइनखबर डटकम*

## शैक्षिकसत्र सुरु नहुँदै पाठ्यपुस्तक पुग्यो



यस वर्ष शैक्षिकसत्र सुरु हुनु अगावै जिल्लामा पाठ्यपुस्तक आइपुगेको छ । जिल्लाका १० वटै स्थानीय तहमा शैक्षिकसत्र अगावै पाठ्यपुस्तक पुगेको हो ।

भौगोलिक विकटताका कारण दुर्गम गाउँका विद्यालयमा पाठ्यपुस्तक समयमा नपुग्ने समस्या हटाउन पुस्तक व्यवसायीले पाठ्यपुस्तक समय अगावै उपलब्ध गराएका हुन् । यसअघिका वर्षहरूमा पाठ्यपुस्तक समयमा नपुग्ने सङ्खुवासभामा यो पटक नयाँ शैक्षिकसत्र सुरु नहुँदै गाउँगाउँमा पाठ्यपुस्तक पुगिसकेका बिक्रेताले जनाएका छन् । सदरमुकाम खाँदबारीका पुस्तक व्यवसायीले सरकारी बिक्री केन्द्र स्थापना गरेर सामुदायिक विद्यालयलाई पाठ्यपुस्तक बिक्री गरिरहेका व्यवसायी कृष्ण भण्डारीले बताए । सामूहिक लगानीमा बिक्रीकक्ष सञ्चालन गरी पाठ्यपुस्तक उपलब्ध गराउन थालिएको उनको भनाइ छ । भण्डारीले जिल्लाका १० वटै स्थानीय तहमा ८० प्रतिशत बढी पुस्तक पुगिसेको जानकारी दिए । उनका अनुसार अन्य स्थानीय तहका विद्यालयले पनि पाठ्यपुस्तक लैजाने तयारी गरिरहेका छन् । सङ्खुवासभामा प्रतिकक्षा दुई हजार ५०० सयका दरले पुस्तक आवश्यक पर्दछ । सरकारले जनक शिक्षा सामग्री केन्द्रबाट पुस्तक छपाइ गरेकाले यो वर्ष पुस्तक वितरण सहज भएको व्यवसायीको भनाइ छ । यो वर्ष जिल्लामा वैशाख १ गतेभित्र विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुऱ्याउने गरी वितरण भइरहेको भण्डारीले बताए ।

*-रासस*

**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौ, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

**नयाँ वर्ष २०८२ को शुभकामना**

नववर्ष २०८२ सालको शुभ अवसरमा नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शिव प्रसाद देवकोटा
अधिवक्ता

प्रतिभा कानुनी परामर्श तथा सेवा केन्द्र
परमानन्द बालवृद्ध कल्याण संघ/नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसन पाल्पा परिवार
अध्यक्ष
तानसेन–६, पाल्पा

**नयाँ वर्ष २०८२ को शुभकामना**

नववर्ष २०८२ सालको शुभ अवसरमा नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रुक्मागत शर्मा
प्रोपाइटर

संगम मेडिकल हल परिवार
बडिङ्गानटोल, तानसेन, पाल्पा

**नयाँ वर्ष २०८२ को शुभकामना**

नववर्ष २०८२ सालको शुभ अवसरमा नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विनायक महर्जन — सचिव
एवं
प्रविनराज शाक्य — अध्यक्ष

नारायण युवा क्लब परिवार
तानसेन-२, पाल्पा

**हार्दिक शुभकामना**

नववर्ष २०८२ सालको शुभ अवसरमा सेयर सदस्य, कर्मचारी, सेवाग्राही एवं सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विष्णु प्रसाद भण्डारी
शाखा प्रबन्धक

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
तानसेन, पाल्पा परिवार

**रिब्दीकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खस्यौली, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## पार्किङ व्यवस्थापन सम्बन्धी जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८१/१२/३१

रिब्दीकोट गाउँपालिका वडा नं. ४, भैरवनाथ मन्दिर र भैरवस्थान बजार क्षेत्रको पार्किङ व्यवस्थापन गर्ने सम्बन्धमा मिति २०८२।०१।०१ गते देखि देहाय बमोजिम हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचनालाई अवज्ञा गरी अन्यथा गरेमा प्रचलित कानुन बमोजिम कारवाही एवं जरिवाना गरिने व्यहोरा अनुरोध छ।

१. रिब्दीकोट गाउँपालिकाको वडा नं ४ भैरवनाथ मन्दिर र भैरवस्थान बजार क्षेत्रमा आउने सवारी साधनहरुले भैरवस्थान बजारमा रिब्दीकोट गाउँपालिकाले व्यवस्था गरेको पार्किङ स्थलमा मात्र पार्किङ गर्नुपर्ने छ।
२. भैरवनाथ मन्दिर आउने सबै दर्शनार्थीहरुको सबै प्रकारका सवारी साधनहरु निर्धारित पार्किङ स्थलमा मात्र पार्किङ गर्नुपर्ने छ र मन्दिरको माथिल्लो भाग सम्म केहि समय सम्मको लागि पिक एण्ड ड्रप गर्ने व्यवस्था मिलाईएको छ तर पार्किङ भने निर्धारित पार्किङ स्थलमा नै गर्नुपर्ने छ।
३. सहायक राजमार्गमा चल्ने सवारी साधनहरुले यात्रु ओराल्ने र चढाउने भैरवस्थान बजारको पूर्व तर्फ चण्डिनगर प्रतिक्षालयमा र पश्चिम तर्फ काफलबुटा वा सिलाङ्थोकमा तोकिएको स्थानबाट मात्र चढाउने र ओराल्ने गर्नु पर्ने छ। बजारको अन्यत्र स्थानमा सवारी साधन रोक्न निषेध गरिएको छ।
४. माथि उल्लेखित बाहेक निजी, सार्वजनिक र सरकारी कुनैपनि सवारी साधनहरुले भैरवस्थान बजारको मुल सडकको १५ मिटर दायाँ बायाँ (सहायक राजमार्गमा) रोक्न वा पार्किङ गर्न पाईने छैन।
५. विभिन्न क्षेत्रबाट आउने सार्वजनिक सवारी साधनहरुले तोकेको स्थानमा लामो समयसम्म नरोकी छोटो समयमै यात्रु चढाउने र ओराल्ने गर्नुपर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत

## नयाँ वर्ष २०८२ को शुभकामना

नववर्ष २०८२ सालको शुभ अवसरमा नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुरेश कुमार कर्माचार्य
अध्यक्ष

**भवन तथा बाटो निर्माणकर्मी संघ परिवार**
तानसेन, पाल्पा

## नयाँ वर्ष २०८२ को शुभकामना

नववर्ष २०८२ सालको शुभ अवसरमा शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, शेयर सदस्य तथा सम्पूर्ण नेपालीहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गंगाबहादुर खत्री — सचिव
डाँसुराम पन्त — अध्यक्ष

**निजी तथा आवसीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन), तानसेन, पाल्पा परिवार**

## नयाँ वर्ष २०८२ को शुभकामना

नववर्ष २०८२ सालको शुभ अवसरमा विद्यार्थी, शिक्षक, व्यवस्थापन समिति, नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**तानसेन स्कूल अफ हेल्थ साइन्स**
तानसेन, पाल्पा

## हार्दिक शुभकामना

नववर्ष २०८२ सालको शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शेयर सदस्य, शिक्षासेवी तथा सम्पूर्ण शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रुपचन्द्र थापा — प्रिन्सीपल
माधव प्रसाद नेपाल — वि.व्य.स.अध्यक्ष

**बेथल इङ्गलिस बोर्डिङ्ग सेकेण्डरी स्कूल परिवार**
तानसेन, पाल्पा

(नोट : शैक्षिक सत्र २०८२ का लागि भर्ना खुलेको समेत जानकारी गराउँदछौं । साथै लगनशील तथा दक्ष शिक्षक शिक्षिकाहरुबाट अनुशासित वातावरणमा मनोवैज्ञानिक अवधारणामा आधारित परियोजना कार्यमार्फत अध्ययन अध्यापन गराईन्छ ।)

## नयाँ वर्ष २०८२ को शुभकामना

नववर्ष २०८२ सालको शुभ अवसरमा नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक, कर्मचारी तथा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजेन्द्र लिगल — सचिव
बुद्धि प्रसाद शर्मा — सभापति

**नेपाल नेत्र ज्योति संघ/पाल्पा लायन्स लाकौल आँखा अस्पताल**
तानसेन, पाल्पा परिवार

## नयाँ वर्ष २०८२ को शुभकामना

नववर्ष २०८२ सालको शुभ अवसरमा शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, शेयर सदस्य तथा सम्पूर्ण नेपालीहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डाँसुराम पन्थ — प्राचार्य
निर्मल लाकौल — अध्यक्ष

**न्यू होराइजन माध्यमिक विद्यालय परिवार**
तानसेन, पाल्पा

(नोट : शैक्षिक सत्र २०८२ का लागि भर्ना खुलेको समेत जानकारी गराउँदछौं । साथै लगनशील तथा दक्ष शिक्षक शिक्षिकाहरुबाट अनुशासित वातावरणमा मनोवैज्ञानिक अवधारणामा आधारित परियोजना कार्यमार्फत अध्ययन अध्यापन गराईन्छ ।)

## हार्दिक शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मञ्जु ज्ञवाली — जु. प्रिन्सिपल
भरत प्रसाद न्यौपाने — प्रिन्सिपल
सुरेशमान कर्मचार्य — अध्यक्ष

**मि.एस. एकाडेमी सेकेण्डरी स्कुल परिवार**
तानसेन, पाल्पा

(नोट : शैक्षिक सत्र २०८२ का लागि भर्ना खुलेको समेत जानकारी गराउँदछौं । साथै लगनशील तथा दक्ष शिक्षक शिक्षिकाहरुबाट अनुशासित वातावरणमा मनोवैज्ञानिक अवधारणामा आधारित परियोजना कार्यमार्फत अध्ययन अध्यापन गराईन्छ ।)

## नयाँ वर्ष २०८२ को शुभकामना

नववर्ष २०८२ सालको शुभ अवसरमा नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण सेवाग्राही, यातायात व्यवसायी महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**न्यू किरण रेष्टुरेण्ट** -प्रो. किरण चित्रकार
बसपार्क, तानसेन, पाल्पा
(सम्पर्क : ९८५७०६०८२०, ०७५-५२०५२०)
खाना, नास्ता तथा बास बस्न साथै जीप, कार, भ्यान, बस तथा मिनी बस चाहिएमा हामीलाई सम्झनुहोस् ।

**करण होटल एण्ड रेष्टुरेण्ट**
तानसेन, पाल्पा (सम्पर्क : ९८५७०५६७३१)
(खाना तथा आरामदायी बासको व्यवस्था रहेको छ ।)

## नयाँ वर्ष २०८२ को शुभकामना

नववर्ष २०८२ सालको शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शेयर सदस्य, शिक्षासेवी तथा सम्पूर्ण शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

एनिस जोसेफ — प्रिन्सिपल
सागरमान महर्जन — अध्यक्ष

**सेन्ट कपितानियो स्कुल परिवार**
तानसेन, पाल्पा

(नोट : शैक्षिक सत्र २०८२ का लागि भर्ना खुलेको समेत जानकारी गराउँदछौं । साथै लगनशील तथा दक्ष शिक्षक शिक्षिकाहरुबाट अनुशासित वातावरणमा मनोवैज्ञानिक अवधारणामा आधारित परियोजना कार्यमार्फत अध्ययन अध्यापन गराईन्छ ।)

## हार्दिक शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शेयर सदस्य, शिक्षासेवी तथा सम्पूर्ण शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गंगा बहादुर खत्री — प्रिन्सिपल
जगदीश भट्टराई — वि.व्य.स. अध्यक्ष

**पाल्पा प्यारागन इङ्गिलिस बोडिङ्ग स्कुल परिवार**
तानसेन, पाल्पा
शैक्षिक सत्र २०८२ का लागि भर्ना खुल्यो!

हाम्रा विशेषताहरु : - नेपाल सरकारसँगको सहकार्यमा ब्रिटिस काउन्सीलद्वारा प्रदान गरिने इन्टरनेशनल स्कूल अवार्ड (ISA) (2020-2023) प्राप्त ।
- लगनशील तथा दक्ष शिक्षक शिक्षिकाहरुबाट अनुशासित वातावरणमा मनोवैज्ञानिक अवधारणामा आधारित परियोजना कार्यमार्फत अध्ययन अध्यापन ।


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई